नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार छनौटका लागि

आवेदन आह्वान गरिएको सूचना

(नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौता अनुसार)

विज्ञापन नं. १/२०८०/८१

मिति : २०८१/०३/११, नेपाल सम्वत : ११४४ तछलागा चतुर्थी, मंगलबार

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा (बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपाङ्गता भएका व्यक्तिहरुको स्याहारको लागि) सहायक कामदारको रुपमा कार्य गर्न तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस विभागको वेब पोर्टल ferms.dofe.gov.np मा online आवेदन दर्ता गर्न तपसिल बमोजिमका विवरण सहित सम्बन्धित सबैका जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पद | माग संख्या | मासिक तलब | ओभर टाइम सुविधा | प्रति हसा काम गर्ने दिन | प्रति हसा काम गर्ने घण्टा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि | करार अवधि थप सुविधा | करार अवधि थप गरिएमा हुने अधिकतम करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सहायक कामदार | ८०० (५०० मुख्य उम्मेदवार र ३०० वैकल्पिक उम्मेदवार समेत)<br>महिला ६०%, पुरुष ४०% | ५८८० NIS इजरायली मुद्रा | इजरायली सरकारको नियमानुसार | ६ दिनसम्म | ४२ (अतिरिक्त समय बाहेक) | इजरायली कानून अनुसार | कामदार स्वयंले व्यहोर्नु पर्ने | रोजगारदाताले (विदेशी कामदार सम्बन्धी नियमानुसार) आवासको प्रबन्ध गर्ने र सो को खर्च कामदारले व्यहोर्ने | सुरुमा १ वर्ष | थप गर्न सकिने | ५ वर्षसम्म |

१. आवश्यक न्यूनतम योग्यता :

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

(ग) कम्तीमा १.५ मिटर उचाइ र कम्तीमा ४५ किलोग्राम तौल भएको,

(घ) कम्तीमा १० कक्षा उत्तीर्ण गरी अ.न.मी. वा सि.एम.ए. सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १०+२, वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङ्ग सम्बन्धि कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको,

(ङ) प्रवेशाज्ञाको लागि प्रकृया प्रारम्भ गर्दाको मितिमा आवेदकको पासपोर्ट म्याद समाप्त हुन कम्तीमा ३ वर्ष बाँकी रहनुपर्नेछ ।

(च) विगतमा इजरायलमा गई कार्य नगरेको,

(छ) बाबु, आमा, पति, पत्नी, छोरा, छोरी इजरायलमा बसोबास नगरेको वा कार्यरत नरहेको,

(ज) शारीरिक र मानसिक रुपमा स्वस्थ्य रहेको, कुनै प्रकारको जीर्ण रोगहरु (क्षयरोग, हेपाटाइटिस, भिरिङ्गी, गोनोरिया, एड्स) वाट ग्रसित नभएको, गरुङ्गो सामान उचाल्न सक्ने लगायत स्याहार केन्द्रमा सहायक कामदारको रुपमा कार्यगर्न, सामर्थ्य भएको र दुर्व्यसनमा नलागेको ।

महानिर्देशक

२. दरखास्त दिने प्रकृयाः

(क) विभागको वेबपोर्टल ferms.dofe.gov.np मा उपलब्ध अनलाईन फाराम भर्नु पर्नेछ। (अनलाईन फाराम भर्ने User Manual पोर्टलमै उपलब्ध छ।)

(ख) अनलाइन प्रणाली (FERMS) मा दर्ता भएका दरखास्त स्वीकृत / अस्वीकृत भए पश्चात आवेदकलाई प्रणालीमा दर्ता भएको मोवाइल नम्बर/ईमेलमा सूचना पठाइनेछ, अपुग कागजात अपलोड गर्न सिस्टमबाट उम्मेदवारलाई जानकारी गराइनेछ । सिस्टमबाट अपलोड गर्नुपर्ने भनी जानकारी गराएका कागजात अपलोड नगरेमा दरखास्त स्वतः अस्वीकृत हुनेछ ।

(ग) उम्मेदवारले अंग्रेजी भाषा परीक्षणको प्रमाण-पत्रका रुपमा British Council Nepal बाट लिइएको Foundation English Test (FET) को कम्तिमा A2 level को प्रमाण पत्र तोकिए बमोजिम अपलोड गर्नुपर्नेछ । (British Council Customer Service Number: +977-1-4237700, Email id: nepalexams@britishcouncil.org.np, Address: Lainchaur, Kathmandu, Registration form उपलब्ध भएको लिङ्क: https://www.britishcouncil.org.np/exam/foundation-english-test)

(घ) उम्मेदवारले पासपोर्ट र प्रहरी चारीत्रिक प्रमाण पत्रको सक्कल प्रमाण-पत्रको स्क्यान कपी समेत फारम भर्दा अपलोड गर्नुपर्नेछ । फोटोकपी गरी स्क्यान भई अपलोड गरिएको कुनै पनि डकुमेन्ट्सलाई मान्यता दिइने छैन ।

(ङ) अपलोड गरिएका आफ्ना कागजात / प्रमाण-पत्रहरुको वैधानिकताको पुष्टि गर्ने उत्तरदायित्व उम्मेदवारको हुनेछ । गलत ठहरेमा सम्बन्धित उम्मेदवार नै कारवाहीको भागी हुनेछ ।

(च) दरखास्त स्वीकृत भएका उम्मेदवारहरुलाई उम्मेदवारले दरखास्त पेश गर्दा राखेको इमेल वा मोबाइल नम्बरमा जानकारी पठाइनेछ, साथै, विभागको वेबसाइट https://dofe.gov.np मा प्रकाशित हुनेछ ।

(छ) उम्मेदवारहरुले **Waiver of Confidentiality of Information** मा दस्तखत गरी अपलोड गर्नुपर्नेछ ।

(ज) उम्मेदवारले आफ्नो उचाइ र तौल खुलाई स्वःघोषणा फाराम भरी पेश गर्नुपर्नेछ । स्वः घोषणा गरेको उचाइ र तौल तोकिएको सिमाभन्दा कम भएमा उम्मेदवारलाई स्वतः रोष्टरबाट हटाइनेछ । अपलोड गर्नुपर्ने स्वःघोषणा पत्र र Waiver of Confidentiality of Information वैदेशिक रोजगार विभागको वेबसाइटको वेबसाइट https://dofe.gov.np को फारामहरु भन्ने मेनुमा गई Download गर्न सकिनेछ ।

(झ) आवेदनका साथ पेश गरिएका विवरण / प्रमाणहरु अन्यथा प्रमाणित भएमा जुनसुकै समयमा निजको दरखास्त रद्द गर्ने अधिकार विभागमा सुरक्षित रहनेछ ।

३. दरखास्त स्वीकृत र छनौट गर्ने प्रकृया :

(क) पहिलो चरणमा स्वीकृत भएका उम्मेदवारहरुको सूचि PIBA मा जाँचबुझ (Namecheck) का लागि पठाइनेछ । जाँचबुझ पछि सफल भएका उम्मेदवारहरुको सूचि विभागको वेबसाइटमा प्रकाशन गरिनेछ । सो सूचिमा पर्न सफल सम्पूर्ण उम्मेदवारहरुले इजरायल सरकारद्वारा सूचिकरण गरिएका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको मेडिकल चेकजाँच गर्नुपर्नेछ ।

(ख) छनौट समितिले बढीमा १५०० जनाको योग्यताक्रम सूचिको अन्तिम रोष्टर तयार पारी PIBA लाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) PIBA ले अन्तिम रोष्टरमा भएको करीब ७५% Implementation Protocol बमोजिम कामदार चिट्ठाद्वारा छनौट गर्नेछ ।

(घ) छनौट गरिएका कामदारहरुको रोजगार सम्झौता (Standard Employment Contract – SEC) हस्ताक्षरको लागि PIBA ले विभागमा उपलब्ध गराउनेछ ।

(ङ) रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका कामदारलाई विभागले श्रम स्वीकृति प्रदान गर्नेछ ।

(च) प्रवेशाज्ञाको लागि सिफारिस भएका उम्मेदवारले प्रवेशाज्ञा पाउने वा नपाउने विषयमा विभाग उत्तरदायी हुनेछैन ।

३. पूर्व शर्तहरुः

(क) छनौट भएका कामदारहरुले आवश्यक परेमा इजरायल प्रस्थानको ७२ घण्टा अगाडि आफ्नै खर्चमा कोभिड-१९ परीक्षण गरी Negative Report (QR सहितको) पेश गर्नु पर्ने लगायत कोभिड-१९ सँग सम्बन्धित अन्य आवश्यक विवरणहरु उपलब्ध गराउनु पर्नेछ ।

(ख) इजरायल प्रवेश पश्चात इजरायली स्वास्थ्य मन्त्रालयले तोके अनुसार कामदारले आवश्यक खोपहरु लिन मञ्जुर गर्नु पर्नेछ, खोप लिन इन्कार गर्न पाइने छैन ।

(ग) विभागले तोके बमोजिमको समयमा इजरायल सरकारबाट तोकिएको ढाँचामा यस प्रयोजनको लागि द्विपक्षीय श्रम सम्झौता बमोजिम सूचिकृत स्वास्थ्य संस्थाहरुबाट उम्मेदवारहरुले स्वास्थ्य परीक्षण गराई सो पश्चात प्रमाण-पत्र पेश गर्नु पर्नेछ ।

(घ) इजरायलमा गैरकानूनी बसाइ नगरेको, इजरायलमा बसोबास गर्ने कुनै मनसाय नभएको, करार सम्झौता अवधि समाप्त भए पछि इजरायल अनिवार्य छोड्नु पर्नेछ ।

(ङ) करार सम्झौतामा उल्लेख भएको कामवाहेक अन्य क्षेत्रमा काम गर्न पाइने छैन ।

(च) इजरायलको लागि प्रवेशाज्ञा प्राप्त गर्न योग्य कामदारले इजरायल प्रस्थान गर्नु पूर्व राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटीबाट पूर्व प्रस्थान अभिमुखीकरण तालिम लिनु पर्नेछ ।

महानिर्देशक